निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./ Ref:

मिति : २०८१/१/१०
नेपाल संवत् ११४४, चौलाथ्व १४ सोमबार

# प्रेस विज्ञप्ति

उपनिर्वाचन ,२०८१ मा मतदाताको पहिचान गर्ने प्रमाणपत्र सम्बन्धमा।

निर्वाचन आयोगको आज मिति २०८१ वैशाख १० गते सोमबार बसेको बैठकले प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य उपनिर्वाचन, २०८१ मा मतदाताको पहिचान गर्ने प्रमाणपत्र सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरेको छ ।

देहाय

संवत् २०८१ साल वैशाख १५ गते शनिवारका दिन हुने इलाम जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. २ र बझाङ जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. १ को प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. १ को उपनिर्वाचनको लागि आयोगबाट प्रकाशित अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका मतदाताले आयोगबाट जारी भएको मतदाता परिचयपत्र वा नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा राहदानी वा स्थायी लेखा नम्बर परिचयपत्र वा सवारीचालक अनुमतिपत्रको सक्कल प्रमाणका आधारमा अन्तिम मतदाता नामावली विवरणसँग भिडाई यकिन गरी मतदान गर्न पाउने व्यवस्था मिलाउन सम्बन्धित निर्वाचन अधिकृतलाई निर्देशन दिने ।

२०८१/१/१०
राम दत्त पाण्डेय
उपसचिव एवम् सहायक प्रवक्ता

"स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्को गौरव"
"Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np